# प्रतिवेदन

## "धरान उपमहा नगरपालिकाले प्रवाह गरेका सेवा " विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम

**धरान वडा नं २२ को देउरालीचौकमा मिति २०७३/०७/३० गते मंगलवार**






यही मिति २०७३।०७।३० गते मंगलवारका दिन धरान उपमहानगरपालिका वडा न २२ को देउराली चौकमा दिनको १बजेदेखि *"धरान उपमहानगरपालिकाबाट प्रवाह भएका सेवा"* विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम धरान उपमहानगरपलिकाको आयोजना तथा महिला संजाल धरान उपमहानगर समितिको व्यवस्थापनमा सम्पन्न भयो ।धरान उपमहा नगरपालिकाका निमित्त कार्यकारी अधिकृत श्री गणेशप्रसाद खतिवडाको अध्यक्षतामा विभिन्न सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरु र नगर स्तरिय राजनीतिक संयन्त्रका प्रमुख तथा प्रतिनिधिहरुलाई अतिथि राखिएको यस कार्यक्रममा राष्ट्रिय गानबाट सुरुवात गरिएको थियो।राष्ट्रिय गान पश्चात भेलामा उपस्थित सम्पुर्णलाई धरान उप महा नगरपालिकाका बरिष्ठ कर अधिकृत श्री खगेन्द्रप्रसाद खतिवडाद्धारा स्वागत मन्तब्य राखिए पछि उक्त कार्यक्रममा वडा नागरिक मञ्चका सह संयोजक श्री नेत्र भट्टराईलाई स्थानीयका हैसिएतले मन्तब्य राख्ने अबसर मिलाईएको थियो ।मन्तब्य सकिय पछि धरान महिला नगर सन्जालका अध्यक्ष शिला बज्राचार्यवाट मन्तब्य राख्ने कार्य भयो र बिगत देखिनै उक्त संस्थाको ब्यबस्थापनमा सम्पन्न गरिएका अन्य बिबिध स्थानमा गरिएका सार्वजिनिक सूनूवाईका बारेमा सम्क्षिप्त जानकारी गराउँदै आगामी दिनमा नगरवासी र सेवा प्रदायकको बिचमा एउटा पुलको कार्य गर्नै र पारदर्शिता र बिकास निर्माणमा नगरवासीहरुमा साझेदारीकार्य गर्न जनचेतनामुलक कार्यमा महिला संजार लागि पर्ने कुरा ब्यक्त गर्दै कार्यक्रम सफल बनाउन सवै पक्षसँग आग्रह गर्नु भयो ।मन्तब्य सकिएपछि सूचना अधिकृत भक्तिराज शर्मावाट कार्यपत्र प्रस्तुत गरियो। कार्यपत्र प्रस्तुत पश्चात सामाजिक सूरक्षा भत्ताककार्यमा सहयोग पुर्याउने धरान स्थित ५ वटा बैङकका प्रबन्धक र नगरपालिकाका कर्मचारीहरु राजकुमार डंगोल र बिज्ञान राज सत्याललाई सम्मान् पत्र प्रदान गरियो । कार्यक्रम ब्यबस्थापनको जिम्मा लिएको साझेदार संस्था महिला संजाल धरान उपमहा नगर समितिवाट कार्यक्रममा चेतना श्रेयङले उदघोषण गरिएको उक्त कार्यक्रमा प्रारम्भमा संजालका सदस्य सुनीता के सी वाट बहिर्गमन अभिमत (Exit Pool) तथा नागरिक अभिमत पत्रको प्रतिवेदन प्रस्तुत गरिएको थियो भने मंजू भणंडारीवाट कार्यत्रम सहजीकरणा भएको थियो ।

जिज्ञासा तथा सुझाव राख्ने महानुभावहरू (मुख्य मुख्य मात्र टिपोट गरिएको छ )

| **नामावली** | **उठाईएको विषय** | जिज्ञासालाई प्रस्टयाउने प्रतिनिधि र प्रस्टयाईएको उत्तरहरु |
|---|---|---|
| सूक ब सम्बाहम्फे धरान २२ | कर्मचारीहरुको खाजानास्ताको समय कति तोकिएको होला साथै जग्गा बेचबिखन तथा अन्य कार्यकालागि सिफरिस कार्य समयमा नपाईने समस्या रहेकोले सूधारकालागि सूझाव । | **गणेशप्रसाद खतिवडा निमित्त कार्याकारी अधिकृत तथा सभाध्यक्ष** : कर्मचारीहरुलाई खाजानास्ताको समय १ घण्टा तोकिएता पनि धरान उपमहा नगरपालिकामा कार्यबोझ र अनुकुलताका आधारमा आधा घण्टामात्र कर्मचारीहरुलाई खाजानास्ताको समय दिनको २ वजे देखि ३ वजे सम्मलाई उपलब्ध गराईएको । सिफारिस कार्य नगरपालिकाको नागरिक पत्र अनुसारकै ब्यबस्था मिलाउने गरिएको तर कुने कावु बाहिरको अवस्था परे वा भएमा सम्वन्धित शाखा तथा कार्यालय प्रमुख समक्ष यस्ता गूनासा रख्न सकिने र सामधानकालिगि लागि पर्ने ।भौतिक पुर्वाधार तथा आधारभुत सेवा सूविधाहरुलाई नगरवासीको चाहनामा आगामी कार्य योजनाहरुमा समेट्दै लैजान सकिने र बिजुली बत्ति प्राप्तिकालागि सिफारिस कार्य प्रकृयामा केहि ब्यबधान रहे सम्बन्धित वडाहुदै नगरकार्यालयमा सम्पर्ककालागि सुझाव तथा सल्लाह । **सुनील नेपाल** : नगरफोहर ब्यबस्थापनकालागि सवै वडाहरुमा नगरपालिकाले उत्तिकै प्राथमिकतामा राख्नुपर्ने भएता पनि समायोजन भएका ८ वटा वडाहरुमा हालसम्म नगरपालिकाको मौजुदा जनशम्ति तथा साधनवाट सेवा पुर्याउन नसकिएकाले आगामी दिनमा फोहरु न्यूनीकरणकालागि जनचेतनामुलक क्रियाकलापमा स्थानीय संघ संस्थाहरुको सहयोगमा कार्यक्रम संचालन गरिने कार्य रहेको साथै जथाभावी रहेका फोहरजन्य सामाग्रीहरुलाई ब्यबस्थापनकालागि समय समयमा चेतानमुलक कार्यहरु भएतापनि प्रयाप्त नभएको पाईएकाले आगामी दिनमा सुधारगर्ने प्रतिवद्धता जाहेर ।वालश्रम मुक्त वडा घोषणा कार्य ढीला भएकोहूदा अव चाँडै गर्नकालागि लागि पर्ने र टोल सूधार समिति गठन प्रकृयामा सहज वातावरणकालागि सम्बन्धित सवैपक्ष सँग अनुरोध । |
| **गोविन्द महत धरान २२** | टोल सूधार समिति गठन प्रकृया ढीला भएकोले वडा योजना छनौट कार्यमा बाधा पुगेकाले वडा परिषद प्रकृया सहज बनाउन वा आबश्यक सहयोग गरिदिनहुन नगरपालिकामा आग्रह । | |
| **पंकज धीमिरे धरान १४** | विजयपुरमा पर्यटन सम्वन्धि नीतिनियम तथा नगरपरिषदमा पर्याप्त वजेट विनियोजन साथै नियमित सरसफाईका लागि सुझाव साथै राजनितिक दलहरुवाट बिजयपुर क्षेत्रलाई कसरी पर्यटकीय बनाउन सकिन्छ भन्ने बिषयमा साझा धारणा बनाएर आगामी कार्य योजना ल्याउन आग्रह । | |
| **दिपक तामाङग धरान २२** | फोहर ब्यबस्थापनमा यस वडालाई पनि फोहर उठाउने गाडीको ब्यबस्थान कार्यालयवाट गरिदिन आग्रह। | |
| **कर्ण ब तामाङग** | हाल समायोजन भएका पुर्व गा वि स हरुमा भौतिक पुर्वाधार बिकासमा प्राथमिकतामा राखिदिएर कम्तिमा पनि एम्बुलेन्स कुद्न सक्ने बाटो मर्मतकालागि सूझाव । | |
| **मान प्रसाद थलङग** | सेउतीपुल र तीनकुने एरिमा सहेको जथाभावी फोहर र प्लास्टिकहरु भएको र रोडमा खाल्डाहरु भएकाले दुर्धटना बढाउन सक्ने भएकाले सरोकारवालाको बेलैमा ध्यान पुगोस । | |
| **सिसकुमारी घिमिरे धरान २६** | वाटो बत्ति ब्यबस्थापनमा मुख्य रोडमा सहज भएतापनि शाखावाटोहरुमा अझैपनि ब्यबस्थापन नभएकाले ब्यबस्थापनकालागि आग्रह । | |
| **नेत्र भट्टराई** | बालश्रम मुक्त वडा घोषणा गर्न धरान २२ लाई किन सकिएन होला | |

| | | |
|---|---|---|
| **अमिर राई** | युवावर्गहरुलाई बिशेष केकस्ता योजना तथा नीति नीयमहरु बनाईएका छन् । | **चोत्लूङ समग्र पाटीहरुका तर्फवाट** : प्रस्तुत गरिएको बहिरगमन र नागरिक अभिमत पत्र संकलनमा आगामी कार्यहरुमा ५० भन्दा बढी सेवाग्रहीको राय संकलन गरी पेश गर्न सूझाव र समायोजित वडाहरुको पुर्वाधार बिकासमा सवै राजनितिक दलहरुको सहमतीका आधारमा प्राथमिकतामा राखि कार्य योजना ल्याउने प्रतिवद्धता जाहेर । |
| **चेतना श्रेष्ठ** | सेउतीपुल एरियाको बाटो भत्किएको धेरै समय भएको तर निर्माणमा कसैको हाल सम्मपनि ध्यान नगएकाले मर्मतकालागि कुन निकाय जिम्मेवार हो र कहिले सम्ममा बन्ला। | |
| **मन्जू भण्डारी** | उपभोग्य तथा उत्पादित सामाग्रीहरुको वारेन्टी तथा ग्यारेन्टि हुनेहुदा वाटोपनि उत्पादित सामाग्री मध्येको एउटा पाटो रहेकोहुँदा यसको मापदण्ड तथा ग्रयारेन्टी के कसेतो छ । | |
| **शोभा भण्डारी** | २३ नं वडामा घर निर्माण कार्यकोलागि दर्ता भएका फाएलहरु र नक्सापास प्रकृयामा ढीला भएको र रोक्का भएकाले सहज कार्यकालागि आग्रह । | |
| **मिसेक लिम्वू** | बिजूली बितरण कार्यकालागि सर्भेकार्यमा सबैको नामावली संकलन गरिएता पनि अझैपनि धेरैलाई बिजुली प्रप्तीकालागि सिफारिस कार्य उपलब्ध गराईएको छैन किन होला | |

भेलालाई थप प्रस्ट्याउने कार्य राजनीतिक दलका प्रतिनिधिहरुमा नकपा माओवादी केन्द्रका चोत्लूङग बाटपनि सम्वोधन गरिएको थियो भने समग्र पाटीका तर्फवाट जनमोर्चा नेपालका नगर अध्यक्ष्य श्री बिष्णू खवासले कार्यक्रममा मन्तब्य तथा सूझाव र भेलालाई सम्वोधन गरीएको यस कार्यक्रमलाई कार्यक्रमका सभाध्यक्ष्य तथा निमित्त कार्यकारी अधिकृत गणेशप्रसाद खतिवडावाट समापन गरियो ।

१६० जना भन्दा वढिको सहभागिता रहेको उक्त कार्यक्रममा ९० जना भन्दा वढी महिलाहरुको सहभागिता रहनु र विषेश गरी जनजाती समुदायको उल्लेख्य उपस्थिति रहनु र कार्यक्रमलाई महिलाहरुको सक्रिय सहभागिता साथै उपस्थित मध्ये करिव ३६ जना सम्म प्रतिनिधिहरुले कार्यालयलाई आवश्यक सुझाव र जिज्ञासा राख्नु र सो विषयमा सम्वन्धित पक्षवाट सहजीकरण हुनु यस कार्यक्रमको सफलता मान्न सकिन्छ भने प्रत्यक्ष रुपमा नगरवासीहरुलाई परेका अप्ठारा काम र गुनासाहरु सम्वन्धित पदाधिकारी समक्ष राखी सुसुचित हुने अधिकार यस कार्यक्रमले उपलब्ध गराएको हुँदा नगरपालिकाकालगि यो कार्यक्रम फलदायी भएको निचोड तथा निस्कर्ष रहेको छ । कार्यालय भन्दा टाढाको क्षेत्रमा यो कार्यक्रम संचालन हुनु र पहुँच बाहिरका वासिन्दाले प्रत्यक्ष कुराकानी तथा सवाल जवाफमा सहभागी हुने अवसर पाउनु अर्को सफलता मान्न सकिन्छ । साथै निम्नतम सर्त कार्य सम्पादन तथा मुल्याङकनका लागि पनि यो कार्यक्रम अपरिहार्य भएकोछ ।यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमा कृति च्यानलवाट प्रशारण र स्थानिय एफ एमवाट रेकर्डेट समाचार समेत प्रशारणको ब्यबस्था मिलाईएको हुँदा अनुपस्थित नगरवासीहरुले घरमै वसेर समेत प्रत्यक्ष हेर्ने र सुन्ने अवसर मिलाईएकोमा आयोजक तथा ब्यबस्थापक पक्षले विगतको कार्यमा सुधार ल्याएको छ साथै धरान उपमहानगरवासीलाई प्रत्यक्ष सहभागी हुनकालागी विधुतिय माध्यमको प्रयोगका साथै स्थानीय मिडियामा सूचना प्रकाशन गरी नगरवासीहरुलाई सुसूचित गराईएको र कार्यक्रममा सहभागीहरु तथा निमन्त्रण गरिएका अतिथिहरुलाई बस्ने र खाजापानीको उचित ब्यबस्थापनहुनु कार्यक्रमको सकारात्मक पक्ष रहेको पाईन्छ ।

**निष्कर्ष**

- धरान नगरपालिका कार्यालयद्वारा जारी गरिएको नागरिक वडापत्र २०६३ संशोधन सहित २०६८ अनुसार नगरपालिकाबाट सेवा लिन चाहने सेवाग्राहीले नगरपालिकाबाट दिईने सेवा सुविधामा सार्वजनिक बहस मार्फत आज २०७३/०७/३० गते सार्वजनिक सुनुवाई सम्पन्न गरियो ।
- नगरपालिकाबाट दिईने सेवा सुविधा ८ वट शाखाबाट ५० वटा विषयगत सुचीको जानकारी लिनेदिने कार्य भएको छ ।साथै विगतमा सम्पन्न भएका सार्वजनिक सुनुवाईको सवाल तथा प्रतिवद्धताका वारेमा पनि कार्यपत्र मार्फत सरोकारवालालाई सुसुचित गराईएको छ । विषयगत र सुचीगत रूपमा व्यापक छलफल बहस केन्द्रित हुन नसके पनि केहि विषयमा जानकारी लिनेदिने कार्य भएकोछ ।
- यो छलफलमा ३६ जना भन्दा बढि सेवाग्राहीले मौखिक रुपमा सुविधामा भएको कमी कमजोरी माथि जिज्ञासा राख्ने काम भएको छ । भविष्यमा यस्ता कार्यक्रममा बढीभन्दा बढि सहभागिता गराउन सरोकारवाला सबैको दायित्व रहने प्रतिबद्धता जाहेर गरिएको छ ।
- महिला संजाल धरान नगर समितिको व्यवस्थापनमा भएको यो कार्यक्रमलाई सहज गरिदिनहुने नगरवासी, नगरपालिका, मिडियाकर्मी, संघ संस्थका प्रतिनिधिहरू सवै धन्यवादका पात्रहरू भएको अनुभूति गर्न सकिन्छ । भविष्यमा हुने यस्ता कार्यक्रममा सबै नगरवासीको सहयोगमा मात्र सम्पन्न हुने आजको निष्कर्षको विषय रहयो ।